# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ७)        संख्याः ८    मिति : असार २७ गते २०८१

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

यशोधरा गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरबन्दी तथा उच्च विद्यार्थी संख्यालाई मध्ये नजर गरी नपुग शिक्षकको पुर्ति गर्न तथा सामुदायिक विद्यालय प्रति समुदायको उत्तरदायित्व बोध गराउँदै विद्यार्थी संख्या बृद्धि गर्न गराउन तथा गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्न गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक  छनौट मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम स्तरीय बनाउन र योग्य एवम सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिबृद्धि गर्न गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक  व्यवस्थापन कार्यविधि,२०८१ जारी गरिएको छ ।

## परिच्छेद -१
## सक्षिप्त नाम र प्रारम्भ

**१.<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** यो कार्यविधिको नाम गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक  व्यवस्थापन कार्यविधि २०८१ रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरि गा. पा. को स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. <u>परिभाषाः-</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले यशोधरा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको सविधान बमोजिम गठन भएको यशोधरा गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "छनौट समिति" भन्नाले दफा १८ बमोजिम गठन हुने गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(ङ) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ९३ बमोजिम नियुत्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले गाउँपालिका शिक्षा ऐन २०७५ (संसोधन सहित) बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ)"शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखामा कार्यरत शिक्षा सेवाको कर्मचारी वा सो को कामकाज गर्न तोकिएको अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(ञ) "प्राविधिक सहायक" भन्नाले गाउँपालिकाको शिक्षा शाखामा कार्यरत शिक्षा सेवाको सहायक स्तरको पाचँ तहको कर्मचारी सम्झनु पर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनुपर्छ ।

(ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ ।

(ड) "प्राथमिक तहको गा. पा. अनुदान कोटाको स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिका/शिक्षा समितिबाट स्वीकृत अनुदान कोटामा नियुक्ती भएको प्राथमिक तह कक्षाः१-५मा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ ।

(ढ) "निम्नमाध्यमिक तहको गा. पा. अनुदान कोटाको स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिका/शिक्षा समितिबाट स्वीकृत अनुदान कोटामा नियुक्ती भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वंयसेवक तथा कम्प्युटर स्वंयसेवक शिक्षक समेतलाई सम्झनुपर्छ ।

(ण) "माध्यमिक तहको गा. पा. अनुदान कोटाको स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिका/शिक्षा समितिबाट स्वीकृत अनुदान कोटामा नियुक्ती भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वंयसेवक तथा कम्प्युटर स्वंयसेवक शिक्षक समेतलाई सम्झनुपर्छ ।

(त) "विषय विशेषज्ञ" भन्नाले गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ वा यस कार्यविधिको दफा १० बमोजिम यस गाउँपालिकामा सूचिकृत भएका आधारभूत तह र माध्यमिक तहका शिक्षकहरु ५ वर्ष भन्दा बढी सम्बन्धित विषयमा अध्यापन अनुभव भएका स्थायी शिक्षक सम्झनुपर्छ ।

## परिच्छेद २

## दरबन्दी सृजना, योग्यता र छनौट तथा नियुक्ती प्रक्रिया

### ३. गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षकको अनुदान दरबन्दी सृजना गर्न सक्नेः-

(१) गाउँसभाबाट स्विकृत कार्यक्रम अनुसार गाउँपालिकाले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वंयसेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सृजना गर्न सक्ने छ ।

(२) स्वंयसेवक शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

- शून्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिई आवश्यकतानुसार कोटा/दरबन्दि सृजना तथा
  कायम गर्ने ।
- एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयमा आवश्यकतानुसार थप गर्ने ।
- विद्यालयमा सञ्चालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई कोटा थप गर्दै जाने ।
- आधारभूत तह (कक्षाः६-८) र माध्यमिक तह कक्षा (कक्षाः९-१२) सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई आवश्यकतानुसार वितरण गर्नुपर्नेछ ।

### ४. गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्थाः-

**दफा ३ बमोजिम सृजना भएका दरबन्दी नियुक्त हुने शिक्षकको योग्यता तथा तालिम**
**देहाय बमोजिमको हुनेछः**

**(१) प्राथमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्तीण गरेको ।

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह

वा सो सरहको परीक्षा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

घ) नेपाली नागरिकता प्राप्त गरेको ।

**(२) निम्नमाध्यमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको

परीक्षा उर्तीण गरेको ।

ख) सामाजिक अध्ययन विषयको हकमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको

परीक्षा उत्तीर्ण गरेको ।

घ) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह

वा सो सरहको परीक्षा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

च) नेपाली नागरिकता प्राप्त गरेको ।

छ) कम्प्यूटर सम्बन्धि तालिम प्राप्त उमेदवारलाई ग्राहयता दिईनेछ ।

**(३) माध्यमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उर्तीण

गरेको ।

ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषय मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

घ) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको ।
ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।
च) नेपाली नागरिकता प्राप्त गरेको ।

**द्रष्टव्यः-** यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएको भए ता पनि दुई पटक (पहिलो पटक १५(पन्ध्र) दिन,दोस्रो पटक ७ (सात) दिन स्थायी अध्यापन अनुमतिपत्र माग गरि विज्ञापन गरि सकेपछि उम्मेदवारको पदपुर्ति हुन नसकेमा तेस्रो पटक सोहि विज्ञापन नम्बरमा स्थायी अध्यापन अनुमतिपत्र नभएकाको लागि ७ (सात) दिनको थप विज्ञापन गरी  आवेदन माग गरिनेछ ।

## ५. <u>उम्मेदवारको लागि योग्यता तथा तालिम सम्बन्धी व्यवस्थाः-</u>

**देहायका व्यक्तीहरु गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षकको उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन ।**

(क) गैर नेपाली नागरिक ।
(ख) १८ वर्ष उमेर नपुगेको ।
(ग) ४० वर्ष उमेर पुरा भएको (निजि स्रोत,गा.पा.अनुदानमा अध्यापन गरी राखेकाको हकमा उमेरहद नहुने)
(घ) मगज विग्रेको ।
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरीवा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ।
(च) अध्यापन अनुमतिपत्र नलिएको ।
(छ) तालिम नलिएको ।
(ज) खण्ड ग मा जुन सुकै कुरा उल्लेख भए तापनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन ।

**६. <u>पाठ्यक्रम,परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृयाः-</u>**परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**७. <u>गा. पा. अनुदान कोटामा</u> <u>स्वंयसेवक शिक्षकको छनौट सम्बन्धि व्यवस्थाः-</u>** स्वंयसेवक शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट गर्न कम्तिमा १५ दिनको म्याद दिई गाउँपालिकाको शिक्षा समितिको निर्णय बमोजिम विज्ञापन

प्रकाशन गर्ने र उक्त विज्ञापन गा. पा. को वेभसाइट र गाउँ कार्यापालिकाको कार्यालयको सूचना पाटिमा टाँस गरी प्रकाशन गरिने वा गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट समितिले आवश्यकता अनुसार स्वंसेवक शिक्षकको लागि गाउँपालिकाद्वारा सृजना गरिएको कोटा/दरबन्दीमा भर्ना गर्नका लागि सम्बन्धीत विद्यालयले वि.व्य.स. को निर्णय अनुसार स्वंयसेवक शिक्षक छनौट समितिका संयोजकबाट भर्ना अनुमति लिई सम्बन्धित विद्यालयबाट नियमानुसार विज्ञापन गर्ने र आवेदन संकलन गरी स्वंयसेवक शिक्षक छनौट समितिका संयोजक र शिक्षा प्रमुखको रोहवरमा गाउँपालिकामा परीक्षा सञ्चालन गरी स्वयंसेवक शिक्षक छनौट गर्न सीफारिस गर्न सक्नेछ ।

(२) स्वंयसेवक शिक्षक नियुक्तीका लागि शिक्षा विकास तथा समन्वय इकाइ, कपिलवस्तु वा यस यशोधरा गाउँपालिकाको कार्यालयमा सूचिकृत विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी आवश्यकतानुसार परिक्षा सञ्चालन गर्नुपर्नेछ।

(३) योग्यता पुगेका ईच्छुक उम्मेदवारले अनुसूचि १ अनुसारको ढाँचामा फाराम भरी गाउँपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

(४) शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक, र माध्यमिक तहको खुला प्रतियोतिगातात्मक परीक्षाका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षकहरुको छनौट हुनेछ ।

**<u>८. परीक्षा हुने मिति,समय र केन्द्रः-</u>** गाउँपालिकाले तोकेको मिति,समय र केन्द्रमा परिक्षा सञ्चालन हुने वा आवश्यकता र सहजताको आधरमा छनौट समितिको संयोजकको रोहबरमा तय गरिनेछ ।

**९. <u>स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्नेः-</u>** गाउँपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**१०. विषय विशेषज्ञः** शिक्षा नियमावलि २०५९ (संसोधन सहित) नियम ९६ र यस कार्यविधि बमोजिम स्विकृत दरबन्दिमा करार, राहत अनुदान कोटा, संघिय शिक्षण अनुदान कोटा, गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट गर्ने प्रयोजनका लागि तपशिल बमोजिमका योग्यता पुगेका नेपाली नागरिकलाई १५ दिने सुचना प्रकाशन गरि यस गाउँपालिकाको कार्यालयमा सुचिकृत गर्न सकिनेछ । मा. वि. र नि. मा. वि. को लागि विषयगत रुपमा विषय विशेषज्ञ सुचिकृत गरिनेछ ।

तपशिलः

## विषय विशेषज्ञको योग्यता

१. माध्यमिक तहः

- ५ वर्षको स्थायि सेवा शिक्षण अनुभव ।
- शिक्षा शास्त्र संकायवाट स्नातकोत्तर तह उत्तिर्ण ।

२. आधारभूत तहः

- ५ वर्षको स्थायि सेवा शिक्षण अनुभव ।
- शिक्षा शास्त्र संकायवाट स्नातक तह उत्तिर्ण ।

**११. परीक्षा दस्तुरः-**

प्राथमिक तह रु.५००

निम्नमाध्यमिक तह रु.७००

माध्यमिक तह रु.१०००

**१२. परीक्षा पूर्णाङ्क र उत्तीर्णाङ्कः-** गाउँपालिकाबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछः

(क) सामान्य परीक्षा पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५०

(ख) विषयगत परीक्षा पूर्णाङ्क १०० र उत्तिर्णाङ्क ४०

(ख) प्रयोगात्मक परीक्षा पूर्णाङ्क २५ (कम्प्युटर स्वंयसेवक शिक्षकको लागि आवश्यकतानुसार)

(ग) अन्तरवार्ताको पूर्णाङ्क २५

**१३. सफल उम्मेदवारको सूची प्रकाशन गरिनेः-** लिखित परीक्षाबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरु थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

**१४. अन्तरवार्ता सम्बन्धि व्यवस्थाः-** दफा १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तरवार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सकिनेछ ।

**१५. अन्तरवार्ताको अङ्कः-** अन्तरवार्ताको लागि छुट्याइएको पच्चीस अङ्क देहाय बमोजिम दिइनेछ । (१) अनुभव वापत सोही तहको अस्थायी, राहत अनुदान कोटा वा गा. पा. अनुदान कोटामा शिक्षकको रुपमा काम गरेको वापतको शिक्षा विकास तथा समन्वय इकाइ वा गा. पा. को शिक्षा शाखाको सेवा प्रमाणित कागजातको आधारमा प्रत्येक वर्षको शून्य दशमलब पाँचका दरले बढीमा पाँच अङ्क ।

(२) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन अङ्क, र द्वित्तीय श्रेणीको भए दुई अङ्क र माथिल्लो शैक्षिक योग्यतावापत प्रथम श्रेणीको भए दुई अंक र द्वितीय श्रेणीको भए एक अंक ।

(३) विषयवस्तुको ज्ञान वापत बढीमा तेह्र अङ्क, तर अन्तरवार्ताको अङ्क दिदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(४) यशोधरा गाउँपालिका अन्तर्गतको स्थायी बासिन्दा भएमा दुई अङ्क ।

**१६. योग्यताक्रम प्रकाशित गर्नेः-**

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्म्दवारको नाम नियुक्तीको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ ।त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्न सकिनेछ ।कुनै उम्मेदवार प्रयोगात्मक परीक्षा वा अन्तरवार्तामा अनुपस्थित भएमा पनि नतिजा प्रकाशन गर्न बाधा पर्नेछैन ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

**१७. नियुक्ति दिनेः-** सिफारिस गरिएको उम्मेदवारलाई गाउँकार्यपालिकको शिक्षा शाखाबाट नियुक्तीको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले पन्ध्र (१५) दिनभित्र नियुक्ती लिनु पर्नेछ । कुनै मूल/मुख्य उम्मेदवारले नियुक्ती नलिएमा वम नियुक्ती लिई विद्यालयमा हाजिर हुन नगएमा वा अन्य कारणले पद रिक्त हुने अवस्थामा तीन (३) महिना भित्र वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिनेछ ।

**१८. गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट समितिः-** १) गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक छनौट तथा नियुक्तीको लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिको एक छनौट समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य

(घ) विषय विशेषज्ञ २ जना तह र विषय अनुसार - सदस्य

(ङ) गाउँपालिको शिक्षा अधिकृत वा संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

२) उपदफा १ बमोजिम गठित समितिको पारिश्रमीक तथा सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

## १९. <u>छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-</u>

(क) दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/ गराउने ।

(ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने ।

(ग) लिखित परीक्षा सञ्चालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने ।

(घ) मर्यादित ढङ्गले लिखित परीक्षा सञ्चालन गर्ने/गराउने ।

(ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने ।

(च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने ।

(छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने ।

(ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने ।

(झ) नियुक्तीका लागि सिफारिस गर्ने ।

(ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने ।

**२०. <u>गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक को सरुवा, दरबन्दि मिलान तथा पदस्थापनाः-</u>** उम्मेदवारको नियुक्ति सिफारिसका योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्ठताका आधारमा तोकिएको कार्य क्षेत्रमा शिक्षा शाखवाट नियुक्ति र पदस्थापन गरिनेछ । साथै विद्यालयको आवश्यकतालाई महसुस गरी जुनसुकै समयमा गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक लाई गाउँपालिकाको अन्य जुनसुकै विद्यालयमा गाउँ शिक्षा समितिको निर्णय अनुसार कोटा सहित सरुवा वा समान तह वा समान विषयको रिक्त गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक कोटामा दरबन्दि मिलान गर्ने वा कामकाजको लागि खटाउन सकिनेछ ।

**२१. <u>निर्वाह खर्च/तलव भत्ता वा पारिश्रमिक उपलब्ध गराइनेः-</u>**

(१) यशोधरा गाउँ सभा वा गाउँ कार्यपालिकाले विनियोजन गरेको बजेट शिर्षकवाट गा. पा. अनुदान कोटाका स्वंयसेवक शिक्षकलाई निर्वाह खर्च /तलव भत्ता वा पारिश्रमिक उपलब्ध गराइनेछ ।

## <u>परिच्छेद ३</u>
## विविध

**२२. <u>म्याद थप तथा कोटा खारेजीः-</u>** गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक को कार्य सन्तोषजनक भएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार विनियोजित बजेटको परिधिभित्र रही प्रत्येक वर्षको लागि म्याद थप गर्न सक्ने तथा कार्यरत गा. पा. अनुदान कोटाका स्वंयसेवक शिक्षक को कार्य सन्तोषजनक नभएमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम जुनसुकै बखत सेवावाट हटाउन सकिनेछ।

**२५. <u>गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक को निर्वाह खर्च/तलव भत्ता वा पारिश्रमिक थपघट वा खारेज गर्न सक्नेः-</u>** संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा प्रर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँसभाले गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक को निर्वाह खर्च/तलव भत्ता वा पारिश्रमिक र स्वंयसेवक शिक्षक पद खारेज गर्न सक्ने छ । साथै गाउँ सभाबाट प्रयाप्त बजेटको व्यवस्था हुन नसकेमा शिक्षा समितिको निर्णय बमोजिम जसनसुकै विद्यालयको कोटा खारेज गर्न सकिनेछ तथा गाउँसभाको निर्णय अनुसार मात्र गा. पा. अनुदान कोटामा स्वंयसेवक शिक्षक को मासिक निर्वाह खर्च/तलव भत्ता वा पारिश्रमिक निर्वाह खर्च बृद्धि गर्न सकिने छ।

**२६. <u>प्रचलित कानून लागू हुनेः-</u>** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सम्बन्धमा सोही बमोजिम हुनेछ । साथै यस पूर्व गा. पा. अनुदान कोटामा कार्यरत गा. पा. अनुदान कोटाका शिक्षकहरु यसै कार्यविधि बमोजिम छनौट भएको मानिनेछ ।

**२७. <u>अन्तिम व्याख्या-</u>** यस कार्यविधिकामा रहेका व्यवस्थाको अन्तिम व्याख्या कार्यपालिकाको हुनेछ ।

**२८. <u>यस कार्यविधिको संसोधनः</u>** यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

२९. **. बाधा अड्चन फुकाउः** यस कार्यविधिमा व्यवस्था भए बाहेकका बिषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

३०. **यस कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

३१. यो कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रदेश वा संघीय शिक्षा ऐन, नियमावली तथा शिक्षक सेवा आयोगको नियमावलीले ब्यवस्था गरेका कुराहरु सँग बाझिन गएमा स्वतः खारेज हुनेछन् ।

**३२. खारेजीः-** गाउँसभाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

आज्ञाले,

नामः ऋषभ देव खनाल

प्रमुख प्रशासकीय अधिकृत